जीवन तथा वातावरणको लागि कृषि जैविक विविधता

(Agro-biodiversity for life and environment)

राष्ट्रिय कृषि जैविक विविधता वर्ष, २०७९

संक्षिप्त जानकारी



नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र

श्रीमहल, ललितपुर

१. पृष्ठभूमि

कृषि जैविक विविधता खाद्य तथा पोषण सुरक्षा र गरिब तथा सिमान्तकृत समुदायको जीविकोपार्जनको प्रमुख आधार हो । नेपालको संविधानमा जैविक स्रोतहरुको संरक्षण र दिगो उपयोगलाई उच्च महत्व दिई राज्यको नीतिमा उल्लेख गरिएको छ भने जैविक विविधता संरक्षणमा तिनै तहको सरकारको भूमिका रहने उल्लेख छ । यसैगरि नेपाल जैविक विविधता संरक्षण सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुको पक्ष राष्ट्र समेत रहेको छ ।

नेपाल जैविक विविधतामा धनि भएतापनि बासस्थान विनास, आधुनिक खेती प्रणालीका कतिपय नकारात्मक अभ्यास र अन्य मानव सिर्जित कारणहरुले गर्दा कृषि जैविक विविधता लगायत समग्र जैविक विविधताको ह्रास हुँदै गइरहेको छ । पछिल्लो समय जलवायु परिवर्तनको कारणले कृषि जैविक विविधता ह्रास हुने क्रमलाई तिव्र बनाएको छ । नेपालमा रैथाने कृषि जैविक विविधता (बाली, घाँसे बाली, पशुपन्छी, जलीय, किरा र सूक्ष्म जीवाणुजन्य आनुवंशिक स्रोत) मध्ये करिव ४० प्रतिशत लोप भैसकेको हुन सक्ने अनुमान गरिएको छ ।

ह्रासोन्मुख अवस्थामा रहेका रैथाने कृषि जैविक विविधताको संरक्षण र दिगो उपयोगमा ध्यान पुर्याउन नसकेमा कृषि पर्यावरणीय प्रणालीमा नै नकारात्मक असर पर्न गई समग्र खाद्य एवं कृषि प्रणाली नै जोखिममा पर्न सक्ने देखिन्छ । यसर्थ कृषि जैविक विविधताको महत्व र यसको संरक्षणको आवश्यकताबारे प्रचार प्रसार गर्न र सम्वन्धित सरोकारवालाहरुलाई रैथाने कृषि जैविक विविधताको संरक्षण र दिगो उपयोगमा सकृय रुपमा लाग्न उत्प्रेरित गर्ने हेतुले आ.व. २०७९/८० को संघीय संसदमा प्रस्तुत नेपाल सरकारको बजेट वक्तव्य मार्फत वि.सं. २०७९ साललाई राष्ट्रिय कृषि जैविक विविधता वर्षको रुपमा मनाउने घोषणा गरिएको छ । साथै नेपाल सरकार मन्त्रीपरिषद्बाट मिति २०७९/५/२७ मा प्रत्येक वर्षको माघ १ गतेलाई राष्ट्रिय कृषि जैविक विविधता दिवसको रुपमा मनाउने निर्णय भएको छ ।

२. राष्ट्रिय कृषि जैविक विविधता वर्ष २०७९ को नारा र उद्देश्य

जीवन तथा वातावरणको लागि कृषि जैविक विविधता

Agro-biodiversity for life and environment

उद्देश्यहरु

- कृषि जैविक विविधताको महत्वबारे आम जनमानसमा चेतना बढाई दिगो संरक्षण तथा उपयोगमा टेवा पुर्याउने ।
- तिनै तहका सरकारहरुको विकास नीति एवं कार्यक्रममा कृषि जैविक विविधतालाई मूलप्रवाहीकरण गर्ने ।
- दिगो रुपमा कृषि जैविक विविधता संरक्षण र उपयोगको लागि उपयुक्त विधि एवं पद्धतिहरुको विकास र अवलम्बन तथा मूल्य श्रृंखला विकास गर्ने ।

३. राष्ट्रिय कृषि जैविक विविधता वर्ष २०७९ मा सञ्चालन गरिने प्रमुख कार्यक्रमहरू एवं कृयाकलापहरु

३.१ सचेतनामूलक कार्यक्रमहरू

क. प्रचार प्रसार (Media mobilization)

- सञ्चार माध्यमबाट अन्तरक्रिया/सम्बाद कार्यक्रम सञ्चालन एवं यथासम्भव नारा प्रकाशन तथा प्रसारण ।
- कृषि जैविक विविधता सम्बन्धी सामग्री प्रकाशन र वितरण ।
- तिनै तहका सरकारका सम्वद्ध इकाईहरुले यथासम्भव वर्षभरि नै कार्यालयहरुमा प्रष्ट देखिने स्थानमा कृषि जैविक विविधता वर्षको नारा टाँस्ने ।
- सरकारी कामकाज तथा अन्य सार्वजनिक कार्यक्रमहरुमा यथासम्भव कृषि जैविक विविधता वर्षको बारेमा उल्लेख गर्नुको साथै नाराको महत्व बारे प्रकाश पार्ने ।
- विश्वविद्यालय तथा गैससका कार्यक्रम तथा उपलब्धिहरु प्रकाशन तथा प्रसारण गर्ने ।
- तिनै तहका सरकारका सम्बद्ध इकाईहरुले सम्पादन गरेका पशुपन्छी तथा मत्स्य जैविक विविधता सम्बन्धी कार्यहरु प्रकाशन तथा प्रसारण ।

ख. गोष्ठी/अन्तरक्रिया कार्यक्रमहरू

- तेस्रो राष्ट्रिय कृषि जैविक विविधता कार्यशाला गोष्ठी सञ्चालन ।
- कृषि पर्यावरण सम्बन्धी राष्ट्रिय गोष्ठी आयोजना ।
- कृषि जैविक विविधता सम्बन्धी तालिम तथा गोष्ठी सञ्चालन ।
- प्राकृतिक जलाशयहरुमा मत्स्य संरक्षण तथा प्रबर्द्धन कार्यशाला गोष्ठी सञ्चालन ।

३.२ प्रकाशन र अभिलेखीकरण

- कृषि जैविक विविधताको सूची तयार प्रारम्भ ।
- नेपाल कृषि जैविक विविधता बुलेटिन (Nepal Agrobiodiversity Bulletin) प्रकाशन ।
- कृषि जैविक विविधता वर्षको समिक्षाको आधारमा भावी कार्यदिशा सम्बन्धमा प्रतिवेदन प्रकाशन ।
- कृषि जैविक विविधता संरक्षण र उपयोग सम्बन्धी विद्यालय स्तरीय पाठ्यक्रमको तयारी ।

३.३ कृषि जैविक विविधता संरक्षण लक्षित कार्यहरु

- नेपाल कृषि अनुसन्धान केन्द्र, कृषि विभाग अन्तर्गतमा फार्म केन्द्र र कृषि विषयका अध्ययन संस्थानहरुमा बाली, घाँसे बाली, पशुपन्छी, किरा, सुक्ष्म जीवाणु र जलीय कृषि आनुवंशिक स्रोतहरुको संरक्षण र उपयोगमा ल्याउन सहयोग पुग्ने कार्य ।
- कृषि जैविक स्रोतहरु संरक्षणका लागि कृषि वृक्षारोपण ।
- Svalbard Seed Vault मा बीउहरु संरक्षण ।
- महत्वपूर्ण रैथाने जातहरुलाई राष्ट्रिय बीउ विजन समितिमा सूचिकृत ।
- रैथाने बाली एवं जातका बीउ तथा रैथाने एवं परम्परागत प्रविधि र सामग्री संकलन तथा प्रदर्शन।

- रैथाने पशुपन्छी (अछामी; नौमुठे, खैला तथा लुलु गाईहरु, लिमे तथा तथा पारकोटे भैंसीहरु; खरि तथा सिन्हाल बाखाहरु; लामपुच्छ्रे, कागे, बरुवाल तथा भ्याङ्लुङ्ग भेडाहरु; च्वाँचे, बामपुड्के तथा हुर्रा सुँगुरहरु; घाँटी खुइले, प्वाँख उल्टे तथा साकिनी कुखुराहरु र जुम्ली घोडाको संरक्षण तथा प्रबर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- प्रदेश तथा स्थानीय तहबाट गाई, भैंसी, भेडा, बाखा, बंगुर, कुखुराका रैथाने जातहरु सबै संरक्षण तथा प्रबर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- लोपोन्मुख घाँसेबालीहरुको संरक्षण तथा प्रबर्द्धन गर्ने ।
- सहर, असला, कत्ले, रेवा जस्ता लोपोन्मुख मत्स्य प्रजातिहरुको संरक्षण तथा प्रबर्द्धन गर्ने ।
- प्राकृतिक जलाशयहरुमा स्थानीय जातका माछाहरुको उपलब्धता तथा पहिचानका लागि मत्स्य जैविक विविधता अध्ययन गर्ने ।
- प्राकृतिक जलाशयहरुमा उपलब्ध स्थानीय माछा लगायत विभिन्न जलीय जीवहरुको संग्रहालयमा संरक्षण गर्ने ।

३.४ कृषि जैविक विविधता प्रबर्द्धनात्मक कार्यहरु

क. मूल्य श्रृंखला विकास

- खाद्य मेला एवं रैथाने खानाको प्रचार प्रसार तथा होमस्टे मार्फत रैथाने परिकार विविधिकरण एवं बजारीकरण ।
- विद्यालयको दिवा खाजा कार्यक्रममा रैथाने खाना एवं परिकार समावेश गर्न पहल ।
- स्थानीय स्तरका औपचारिक कार्यक्रमहरुमा खाजाको रुपमा स्थानीय रुपमा उपलव्ध रैथाने कृषि उपजमा आधारित परिकार प्रयोग ।
- रैथाने बाली/जात संरक्षण एवं उपयोगमा क्रियाशील संस्था एवं निकायहरुसंग साझेदारी एवं सहकार्य ।
- बाह्य कार्यक्रम अन्तर्गत रैथाने जात संरक्षण कार्यक्रम सञ्चालन ।

ख. प्रोत्साहनमूलक कार्यहरु

- कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न व्यक्तिलाई नागरिक अभिनन्दन/सम्मान/पुरस्कार ।
- कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न संस्था/समूह/समितिलाई सम्मान/पुरस्कार ।

३.५ दिवसका कार्यक्रमहरु

- कृषि जैविक विविधता संरक्षण दिवसः बाला चतुर्दशी (मंसिर कृष्ण चतुर्दशी सत बीज छर्ने दिन) ।
- राष्ट्रिय कृषि जैविक विविधता दिवस : माघ १ गते ।
- कृषि जैविक विविधता संरक्षण सप्ताह : माघ १ गते देखि ७ गतेसम्म ।

४. कृषि जैविक विविधता वर्ष सञ्चालन तथा रेखदेखको संस्थागत व्यवस्था

राष्ट्रिय कृषि जैविक विविधता वर्ष सञ्चालनको समग्र दिशा निर्देश र समन्वयको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको संयोजकत्वमा कृषि जैविक विविधता वर्ष सञ्चालन राष्ट्रिय निर्देशक समितिको व्यवस्था गरिएको छ । यसैगरि वर्ष मनाउने क्रममा सञ्चालन गरिने कार्यक्रमहरुको संयोजन एवं आवश्यक सहजिकरणको लागि राष्ट्रिय कृषि जैविक विविधता वर्ष कार्यान्वयन समन्वय समितिको व्यवस्था गरिएको छ ।

५. राष्ट्रिय कृषि जैविक विविधता वर्ष २०७९ कार्यान्यवनमा संलग्न प्रमुख निकायहरू र कार्यविभाजन/भूमिका

१. **कृषि तथा पशुपन्छी विकास मन्त्रालय :** कृषि जैविक विविधता वर्ष कार्यान्वयनको समग्र मार्गदर्शन, निर्देशन र नियन्त्रण । राष्ट्रिय कृषि जैविक विविधता कार्यशाला गोष्ठी (कृषि जैविक विविधता सम्वाद कार्यक्रम) सञ्चालन ।

२. **कृषि विभाग :** कार्यान्वयनमा सहजिकरण तथा समन्वय, अनुगमन तथा मूल्याङ्कन ।

३. **बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र :** कृषि जैविक विविधता वर्षको उपलक्ष्यमा सञ्चालन गरिने सचेतनामूलक कार्यक्रम (राष्ट्रिय स्तरका कार्यक्रम), कृषि जैविक विविधता संरक्षण लक्षित कार्यहरु, कृषि जैविक विविधता प्रबर्द्धनात्मक कार्यहरु, प्रोत्साहनमूलक कार्यहरु, प्रकाशन तथा अभिलेखीकरणका कार्यहरु सञ्चालन, कृषि जैविक विविधता वर्ष सञ्चालन सचिवालय । दिगो तथा उत्थानशील खाद्य प्रणालीका लागि पर्यावरणीय कृषि सम्मेलनको आयोजना ।

४. **राष्ट्रिय जिन बैंक :** कृषि जैविक विविधता वर्षमा सञ्चालन गरिने कार्यक्रममा प्राविधिक सहयोग, कृषि जैविक विविधता संरक्षणका कार्यहरु, प्रकाशन तथा अभिलेखीकरणका कार्यहरु, कृषि जैविक विविधता संरक्षणमूलक कार्यक्रम सञ्चालनको लागि सचिवालयको भूमिका । कृषि जैविक विविधताको ६ वटै सम्भागहरुको संरक्षण तथा उपयोगको लागि राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र, राष्ट्रिय पशु प्रजनन् तथा आनुवंशिक अनुसन्धान केन्द्र, राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र र राष्ट्रिय चरन तथा घाँसे बाली अनुसन्धान कार्यक्रम केन्द्रसँग समन्वय । रैथाने कृषि आनुवंशिक श्रोत संरक्षण, सम्बर्द्धन तथा दिगो उपयोगका लागि राष्ट्रिय गौरवको परियोजनाको अवधारणापत्रको तयारी । अन्तर्राष्ट्रिय समन्वय ।

५. **नार्क अन्तरगतका अनुसन्धान केन्द्रहरु :** कृषि जैविक विविधता सम्बन्धी अनुसन्धान, अभिलेखीकरण र संरक्षण ।

६. **पशु सेवा विभाग :** कार्यान्वयनमा सहजीकरण तथा समन्वय, अनुगमन तथा मूल्याङ्कन ।

७. **पशु सेवा विभागका आनुवंशिक श्रोत केन्द्रहरु, फार्म, कार्यालयहरु :** रैथाने पशुपन्छी (अछामी; नौमुठे, खैला तथा लुलु गाईहरु, लिमे तथा तथा पारकोटे भैंसीहरु; खरि तथा

सिन्हाल बाख्राहरु; लामपुच्छ्रे, कागे, बरुवाल तथा भ्याङ्लुङ्ग भेडाहरु; च्वाँचे, बामपुङ्के तथा हुर्रा सुँगुरहरु; घाँटी खुइले, प्वाँख उल्टे तथा साकिनी कुखुराहरु र जुम्ली घोडाको संरक्षण तथा प्रबर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

८. **केन्द्रिय मत्स्य प्रबर्द्धन तथा संरक्षण केन्द्र तथा मातहतका केन्द्र तथा कार्यालयहरुः** सहर, असला, कत्ले, रेवा जस्ता लोपोन्मुख मत्स्य प्रजातिहरुको संरक्षण तथा प्रबर्द्धन गर्ने । प्राकृतिक जलाशयहरुमा स्थानीय जातका माछाहरुको उपलब्धता तथा पहिचानका लागि मत्स्य जैविक विविधता अध्ययन गर्ने । प्राकृतिक जलाशयहरुमा उपलब्ध स्थानीय माछा लगायत विभिन्न जलीय जीवहरुको संग्रहालयमा संरक्षण गर्ने ।

९. **कृषि विभाग र प्रदेश मातहतका फार्म, केन्द्रहरु :** कृषि जैविक विविधता संरक्षणका कार्यहरु

१०. **किसान आयोग :** राष्ट्रिय स्तरका सचेतनामूलक कार्यक्रम ।

११. **प्रादेशिक मन्त्रालय तथा मातहतका कार्यालयहरु :** कृषि जैविक विविधता प्रबर्द्धनात्मक कार्यहरु, प्रोत्साहनमूलक कार्यहरु, प्रकाशन तथा अभिलेखीकरणका कार्यहरु । गोष्ठी सम्वाद आदिका माध्यमबाट क्षमता विकास तथा प्रचार प्रसार ।

१२. **स्थानीय तह :** स्थानीय स्तरका सचेतनामूलक कार्यक्रम, कृषि जैविक विविधताको अभिलेखीकरण एवं संरक्षण कार्यहरु, कृषि जैविक विविधता प्रबर्द्धनात्मक कार्यहरु, प्रोत्साहनमूलक कार्यहरु । क्षमता विकास तथा प्रचार प्रसार ।

१३. **विश्वविद्यालय तथा शैक्षिक संघ संस्थाहरु :** कृषि जैविक विविधता सम्बन्धी विषयको अध्यापन, अध्ययन/अनुसन्धान ।

१४. **गैर सरकारी संघ संस्थाहरु :** सचेतनामूलक कार्यहरु, प्रबर्द्धनात्मक कार्यहरु, प्रोत्साहनमूलक कार्यहरु, प्रकाशन कार्यहरु ।

१५. **कृषकस्तरीय संघ संस्था, सामुदायिक बीउ बैंक, सहकारी, स्थानीय क्लब :** सचेतनामूलक कार्यहरु, प्रबर्द्धनात्मक कार्यहरु, प्रोत्साहनमूलक कार्यहरु, प्रकाशन कार्यहरु ।

१६. **दातृ निकाय एवं संघ संस्थाहरु :** प्रबर्द्धनात्मक कार्यहरु, प्रोत्साहनमूलक कार्यहरु, प्रकाशन कार्यहरु ।

६. अपेक्षित उपलब्धिहरु

- कृषि जैविक विविधताको महत्वबारे जनचेतना एवं जागरुकतामा अभिवृद्धि हुने ।
- सरोकारवालाहरुबीच सहकार्यमा सुधार हुने ।
- कृषि जैविक विविधता संरक्षणको भावी कार्यदिशा तय गर्नमा पृष्ठपोषण प्राप्त हुने ।
- समग्र कृषि जैविक विविधता संरक्षण र दिगो उपयोगमा मद्दत पुग्ने ।

* * *